जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १२ • अंक ३०५ • २०८२ भदौं ८ गते आईतवार • 24 Aug. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## कुशे औँसी: वर्षभरि देवकार्य तथा पितृकार्यमा प्रयोग गरिने पवित्र कुश घर-घरमा भित्र्याइयो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ७ भदौं



प्रत्येक वर्ष भाद्रकृष्ण औँसीका दिन मनाइने कुशे औँसी पर्व आज वैदिक सनातन धर्मावलम्बीले वर्षभरि देवकार्य तथा पितृकार्यमा प्रयोग गरिने पवित्र कुश घर-घरमा भित्र्याएर मनाउँदै छन्।

शास्त्रोक्त विधिअनुसार ब्राह्मणद्वारा पूजा गरी उखेलेर जजमानकहाँ पुऱ्याइएको कुश घरमा राख्नाले परिवारको कल्याण हुने धार्मिक विश्वास छ। आजका दिन उखेलिएको कुश वर्षभर प्रयोग गर्न सकिने र अरू दिन उखेलिएको कुश त्यसैदिन मात्र उपयोग गर्न सकिने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवम् नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्राडा रामचन्द्र गौतमले जानकारी दिए।

सनातन धर्मावलम्बीले कुश, तुलसी, पीपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीक मान्दछन्। सृष्टिकर्ता ब्रह्माजीले विवेकशील प्राणीसँगै पवित्र कुश पनि उत्पन्न गर्नुभएको धार्मिक विश्वास छ। आजका दिन घर घरमा राखिएको कुश वर्षभर हुने देवकार्य एवम् पितृकार्यमा प्रयोग गरिन्छ। यसै अवसरमा छोराछोरी परम्पराअनुसार आ-आफ्ना बाबुलाई मन पर्ने मिठाई तथा भोजन खुवाई आदर सम्मान प्रकट गर्ने र बाबुको मुख हेर्ने गर्दछन्।बाबु नहुने विभिन्न पवित्र स्थानमा गई आफ्ना बाबुको नाममा तर्पण, पिण्डदान तथा श्राद्ध गरी सिदा दिन्छन्। आजको दिन विशेषगरी उत्तरगया भनेर चिनिने काठमाडौँको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिर परिसरमा विशेष मेला लाग्छ। यसैले आजको औँसीलाई गोकर्णे औँसीका नामले पनि चिनिन्छ। यस अवसरमा गोकर्णेश्वर महादेव मन्दिर परिसरमा दिवङ्गत बाबुको नाममा तर्पण, पिण्डदान तथा सिदादान गर्नेहरूको घुइँचो छ।मन्दिरमा लाग्ने मेलाका सबै तयारी गरिएको गोकर्णेश्वर नगरपालिका-४ का अध्यक्ष जयराम महतले जानकारी दिए। यसैगरी रसुवा र नुवाकोट सङ्गमस्थल वेत्रावतीमा पनि लाग्ने मेला लाग्ने गर्छ। बेत्रावतीमा पनि पिता दिवङ्गत भएका तर्पण, सिदादान र पिण्डदान गर्न पुग्ने गर्छन्। 'पितृदेवो भव'भन्ने धार्मिक मान्यताअनुरूप यस दिन छोराछोरीले आफ्ना जीवित बाबुलाई श्रद्धापूर्वक रुचिअनुसारको खाना खुवाई आशीर्वाद प्राप्त गरेमा सुख मिल्छ। बाबु परलोक भइसकेकाले गोकर्ण अथवा अन्य तीर्थस्थलमा गई तर्पण तथा सिदादान गरेमा पुण्य मिल्नाका साथै आफ्नो कुलस्थिर हुने बुद्धोक्त पाराजिकाय नामक धर्मग्रन्थमा उल्लेख छ। आजको दिन थोरै दान गरेपनि हजारौं गुणा बढी फल पाइने भएकाले पुण्य पर्व पनि भनिन्छ। दान कुपात्रमा परे दिने र लिने दुवै नरक जाने शास्त्रीय भनाइ रहेको धर्मशास्त्रविद् गौतमले सुनाए। अरू दान दीन दु:खीलाई दिएपनि सङ्कल्प गरेर दिने दान सुपात्रमै दिइनुपर्छ भन्ने शास्त्रीय मान्यता छ।

## भोट हमारा शासन तुम्हारा नही चलेगी नही चलेगी: पूर्व गृह राज्य मन्त्री अंसारी

आरजे इर्शाद शेख
जलेश्वर, ७ भदौं




संघीय गणतान्त्रिक गठबन्धनको आयोजनामा महोत्तरीको सदरमुकाम जलेश्वरमा जिल्ला समन्वय समितिको सभा हालमा शनिबारका दिन संयुक्त जनजागरण अभियान अन्तर्गत संघीय समाजवादी पार्टीको राष्ट्रिय अध्यक्ष तथा पूर्व गृह राज्य मन्त्री मो.रिजवान अंसारीले संघीय गणतान्त्रिक गठबन्धन सभाको सम्बोधन गर्दै भोट हमारा शासन तुम्हारा नही चलेगी नही चलेगी (भोट हाम्रो शासन तिम्रो यो चल्दैन) बताउनु भएको छ।

संघीय समाजवादी पार्टीको जिल्ला अध्यक्ष सैदर अंसारीको अध्यक्षता तथा संघीय समाजवादी पार्टीको राष्ट्रिय अध्यक्ष तथा पूर्व संघीय गृह राज्य मन्त्री मो.रिजवान अंसारीको प्रमुख आतिथ्यमा कार्यक्रम संचालन भएको थियो। मन्त्री अंसारीले एकल शासन व्यवस्थाको अन्त्य हुनुपर्दछ भन्ने धारणा राख्नुभयो। यी पाँच दलको गठबन्धन हुनुको प्रमुख उद्देश्य मुस्लिम,पिछडावर्ग,निषाद,दलित तथा उत्पीडीत वर्गको पहुँच राज्यको हरेक क्षेत्रमा पुर्याउनु हो। मन्त्री अंसारीले लिपुलेक तथा कालापानीको बारेमा समेत वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलिलाई सल्लाह दिदै भारत तथा चिनसँग आफ्नो जनताको भावना राख्नु पर्ने बताउनु भयो। गौर नरसंघार बारे समेत मन्त्री अंसारीले सूक्ष्म तथा निष्पक्ष जाँच हुनु पर्ने बताउनुभयो। मधेसको लागि आवाज उठाउने रेशम चौधरी होस वा उपेन्द्र यादव कसैलाई दबाउन पाइदैन भन्ने धारणा मन्त्री अंसारी राख्नु भयो। कार्यक्रममा विशिष्ट अतिथिको रुपमा संघीय समाजवादी पार्टीको उपाध्यक्ष तथा मधेस प्रदेश पूर्व गृह, सञ्चार तथा कानुन मन्त्री विमला अंसारी,नेपाल सद्भावना पार्टीको राष्ट्रिय अध्यक्ष राम कुमार

बांकी पृष्ठ ३ मा।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627

Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

## प्राथमिक उपचार

**उद्देश्य :**
- जीवन बचाउनु,
- दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
- अचेत अवस्थालाई सुरक्षित बनाई मनोबल बढाउनु,
- चोट वा घाउको अवस्था नदिनु।

**कस्तो अवसथामा के गर्ने:**
- सफा कपडाले रागत बग्नबाट रोक्ने,
- पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
- अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
- हड्डी भाँचिएमा नहल्लाई अस्पताल लैजाने,

**प्राथमिक उपचारका लागि आवश्यक पर्ने: ब्याण्डेज, टेप, सर्जिकल, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत औषधिहरु घरमा राखौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
www.jaleshwortoday.com



## सम्पादकीय

# नारीलाई पनि स्वतन्त्रता हुनुपर्छ

*पहिले पहिले नारीले मात्र गाउने तिज गीत अहिले पुरुषले पनि गाउन थालेको देखिन्छ। केही गीतमा नारी र पुरुषको सहकार्य, सहयोग र सद्भाव देखिन्छ भने धेरैजसो गीतमा समाज परिवर्तनको स्वर मुखरित भएको देखिन्छ। नारीमनको भावना छैन, कुनै संवेदना छैन, छ त केवल अतिरञ्जित शब्दहरू। मनोरञ्जनमा मात्र सीमित गीतहरूले मौलिकपन गुमाएको देखिन्छ। तिजको वास्तविक रूप हराउँदै गएको देखिन्छ। गाउँका आँगन, मन्दिर र चोकमा नारीहरू आवाज बन्द गरेर बजारिया गीत घन्काउँदै मनोरञ्जन लिन थालेको देखिन्छ। तिज पर्वको नाउँमा गीतमा व्यापार गर्नेहरूले तिजको मौलिकता मेटाएको देखिन्छ। पर्वको नाम बेचेर पैसा कमाउने धन्दामा लागेको देखिन्छ।*

*समय परिवर्तनसँगै नारीहरू शिक्षित हुन थालेको छ। शिक्षित नारीका चेतना पहिलेभन्दा फरक हुन लागेको छ। केटाको अनुहार नचिन्दै विवाहमण्डपमा बस्ने चलन हराउँदै गएको देखिन्छ। नारीहरू पुरुषसँगै घरबाहिर काममा निस्किने गरेका छन्, घरको आर्थिक भार आफैले सम्हाल्न थालेका छन्, मन परेको मान्छेलाई अपनाउन लागेको छ, मन नमिलेपछि आ-आफ्नो बाटो समातेर हिँड्न पनि थालेको देखिन्छ। हाल नारी र पुरुष दुबैले नारीलाई गीत, विज्ञापन, मनोरञ्जन लगायतका विभिन्न बहानामा प्रयोग गरेर वस्तुकरण गरिरहेको देखिन्छ। नारीको स्वर, शरीर र सौन्दर्यलाई बजारमा बेचिरहेको देखिन्छ। अन्तमा नारीले निर्धक्क भएर मनको आवाज व्यक्त गर्न पाउने तिज पर्वमा समेत हस्तक्षेप गरेर नारीको स्वतन्त्रता हरण गरिरहेको देखिएकोले त्यसो कार्यहरुलाई रोक्नुपर्छ र नारीलाई पनि स्वतन्त्रताको अनुभूति दिलाउर्ने जरुरी देखिन्छ।*

# जसपा नेपालद्वारा महोत्तरीको रामगोपालपुरमा विरोध प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ७ भदौ**

गौर हत्याकाण्डमा सर्वोच्च अदालतले छानबिन गर्न दिएको परमादेश विरुद्ध जनता समाजवादी पार्टी (जसपा) नेपालले शुक्रबार महोत्तरीको रामगोपालपुरमा विरोध प्रदर्शन गरेको छ। जसपाले उक्त आदेशलाई पार्टी अध्यक्ष उपेन्द्र यादवलाई राजनीतिक षड्यन्त्रपूर्वक फसाउने प्रयासको हिस्सा भएको आरोप लगाएको छ।



रामगोपालपुर नगर कमिटीको आयोजनामा भएको प्रदर्शनको अध्यक्षता नगर अध्यक्ष विजय यादवले गरेका थिए। सामुदायिक भवन प्रांगणबाट सुरु भएको नारा जुलुस बजार परिक्रमा गर्दै रामगोपालपुर चोकमा पुगेपछि विरोधसभामा परिणत भएको थियो। प्रदर्शनका क्रममा सहभागीहरूले “उपेन्द्र यादवमाथि षड्यन्त्र बन्द गर”, “मधेस आन्दोलनको अपमान बन्द गर”, “मधेसको आवाज दबाउने चलखेल बन्द गर” जस्ता नाराबाजी गरेका थिए। जसपाका कार्यकर्ताहरूले सर्वोच्च अदालतको आदेशलाई अन्यायपूर्ण ठहर गर्दै आन्दोलनलाई कमजोर पार्ने खेल भएको दाबी गरेका थिए। विरोधसभामा सम्बोधन गर्दै जसपा मधेस प्रदेश कमिटीका सदस्य राज नारायण यादवले सर्वोच्चको आदेश राजनीतिक पूर्वाग्रहले प्रेरित भएको बताए। उनले भने, “यो आदेश मधेस आन्दोलनलाई कलंकित बनाउने षड्यन्त्र हो, हामी यसलाई अस्वीकार गर्छौं। आदेश कार्यान्वयन भए मधेसमा ठूलो आन्दोलन चर्किन्छ।” त्यसैगरी, पार्टीका जिल्ला अध्यक्ष राम नरेश यादवले गौर घटनामा जसपाका शीर्ष नेतामाथि मुछेर मधेसको राजनीतिक नेतृत्वलाई कमजोर पार्ने षड्यन्त्र भइरहेको आरोप लगाए। “सत्य तथ्य बेवास्ता गरी अध्यक्षमाथि झुटा आरोप लगाउने प्रयास भइरहेको छ, जुन मधेसले कहिल्यै स्वीकार्ने छैन,” उनले चेतावनी दिए। नगर अध्यक्ष विजय यादवले मधेसका शहीदहरूको बलिदान र आन्दोलनका उपलब्धिलाई समाप्त गर्ने कुनै पनि कदमविरुद्ध दृढ प्रतिरोध गरिने बताए। विरोध कार्यक्रममा जसपाका जिल्ला, नगर र वडा कार्य समिति, महिला तथा युवा संगठनका पदाधिकारी तथा स्थानीयको बाक्लो उपस्थिति थियो। सहभागीहरूले हातमा प्लेकार्ड बोकेका र पार्टीका झण्डा फहराएका थिए।

गौरमा २०६३ साल चैत २३ गते भएको घटनामा २७ जनाको ज्यान गएको थियो। पीडित पक्षले दायर गरेको रिटमा सर्वोच्च अदालतले हालै छानबिनको आदेश दिएको हो। तर जसपाले यसलाई अध्यक्ष उपेन्द्र यादव विरुद्धको योजनाबद्ध षड्यन्त्रका रूपमा लिएको छ।



अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# अज्ञात पुरुषको शव फेला



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ भदौ**

जनकपुरधाम उपमहा नगरपालिका-८ स्थित वडा कार्यालय पछाडि रहेको एस राज कबाड पसलमा एक अज्ञात पुरुष मृत अवस्थामा फेला परेको छ। धनुषा जिल्ला प्रहरी कार्यालयले मृतकको पहिचान अहिलेसम्म खुल्न नसकेको जनाएको छ र सनाखतमा सहयोगका लागि सर्वसाधारणलाई अनुरोध गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता, प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंहका अनुसार, शुक्रबार साँझ करिब सवा ६ बजे सो स्थानमा करिब ४० वर्षीय पुरुष अचेत अवस्थामा फेला परेका थिए।

‘स्थानीयको जानकारी पाए लगत्तै प्रहरी टोली घटनास्थलमा पुगेको थियो। उनलाई तत्काल प्रादेशिक अस्पताल जनकपुर पठाइयो, तर चिकित्सकले मृत घोषणा गरे,’ डीएसपी सिंहले बताए। उनका अनुसार, मृतकको शव आवश्यक प्रक्रिया पूरा गरी प्रादेशिक अस्पतालको शवगृहमा राखिएको छ। ‘हालसम्म सनाखत हुन सकेको छैन। मृतकको तस्बिर र विवरण प्रचार-प्रसार गरिएको छ। मृतकलाई चिनेका कोही आफन्त भएमा नजिकैको प्रहरी कार्यालय वा प्रादेशिक अस्पतालमा सम्पर्क गर्न अनुरोध गर्दछौं,’ उनले थपे।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अशुभ समाचार प्राप्त हुने
मिथुन: शुभ कार्यको शुरुवात
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: खानपानमा समस्या आउने
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# दुई साताभित्र रुस–युक्रेनबीच युद्धविराम नभए अमेरिका ठूलो निर्णय लिन बाध्य हुने ट्रम्पको चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ भदौ**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यदि आगामी दुई साताभित्र युक्रेन युद्धमा शान्तिपूर्ण समाधानको दिशामा कुनै ठोस प्रगति देखिएन भने रुस विरुद्ध कडा प्रतिबन्ध या ट्यारिफ लगाउने निर्णय गर्ने चेतावनी दिएका छन्।

१५ अगष्टमा अलास्कामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भएको भेटको एक सातापछि ट्रम्पको यस्तो धम्की आएको हो। व्हाइट हाउसमा पत्रकारहरुसँग कुरा गर्दै उनले भने, 'म एक निकै महत्त्वपूर्ण निर्णय लिन गइरहेको छु। चाहे ठूलो मात्रामा प्रतिबन्ध या ट्यारिफ दुवै हुनसक्छ। या त हामी यो पनि भन्न सक्छौं यो अमेरिकाको लडाइँ होइन, तिमीहरुकै हो।' उनले युक्रेनमा हालै एक अमेरिकी कारखानामा भएको रुसी आक्रमणबारे आक्रोश व्यक्त गरेका छन्।

उक्त आक्रमणबाट कारखानामा आगो लाग्नुका साथै दुई कर्मचारी घाइतेसमेत भएका थिए। उनले भने, 'यसबाट म खुसी छैन।' ओभल अफिसमा पत्रकारसँग कुरा गर्दै उनले भने, 'रुस–युक्रेन युद्धमा जे–जे भइरहेको छ। त्यसबाट म प्रशन्न छैन। आगामी दुई सातामा यो युद्ध कता जानेछ भन्ने स्पष्ट हुनेछ।' उनले दुवै देशका नेताहरु एकैठाउँमा बसेर कुरा गर्नुपर्नेमा जोड दिएका छन्। 'दुवै नेता एकसाथ बसेर कुरा गरुन् भन्ने चाहन्छु।'

# भोट हमारा.....................................

महतो,नेसपाको सर्वमाननीय नेता रामचन्द्र महतो,महासचिव प्रा.पवन कुमार साह,केन्द्रीय सदस्य राम बाबु महतो,बहुजन एकता पार्टी नेपालको वरिष्ठ नेता तथा कार्यवाहक अध्यक्ष राजा राम पासमान,नेपाल जनजागृति पार्टीको राष्ट्रिय अध्यक्ष ध्रुप लाल निषाद तथा ऐतिहासिक जनता पार्टी लगायत पाँच सय भन्दा बढी नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो।रैलीको नेतृत्व नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्व गृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारीले गर्नुभएको थियो। कार्यक्रम अघि रैलीमा पाँचवटा राजनीतिक दलका अध्यक्षहरू, कार्यकर्ताहरू, सर्वसाधारण नागरिक, युवाहरू तथा विभिन्न समुदायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले राष्ट्रिय झण्डा, आ–आफ्ना दलका झण्डा र सामाजिक चेतना अभिव्यक्त गर्ने प्लेकार्डहरू बोकेका थिए। शान्तिपूर्ण रूपमा आयोजित रैली जिल्ला समन्वय समिति, महोत्तरीको गेटबाट सुरु भई नगरका विभिन्न भाग परिक्रमा गर्दै सम्पन्न भएको होनेसपा अध्यक्ष राम कुमार महतोले महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर ऐतिहासिक तथा यस्तो क्रान्तिकारी ठाउँ हो जहाँबाट मधेस आन्दोलनको शुरुवात भएको थियो। आन्दोलनको बेला आफ्नो ज्यान समेत दाउँमा राखेर मधेसको लागि लडेका मधेस प्रदेश पूर्व राज्य मन्त्री अभिराम शर्मा तथा जलेश्वरको पूर्व मेयर शिव शंकर साही लगायत अन्य नेताहरु देश बाहिर अहिलेसम्म पनि बस्नु परेको अवस्था लोसपाको अध्यक्ष महन्थ ठाकुरले लिनु पर्ने बताए। किनभने त्यही मधेस आन्दोलनको बेला वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले दुई चारवटा आप झदैंमा केही हुदैन भन्ने ओलीलाई यही ठाउँमा स्वागत गर्ने ठाकुर नै हुन। साथै अध्यक्ष महतोले यो संघीय गणतान्त्रिक गठबन्धन अहिलेको वर्तमान सरकारको विरुद्ध आन्दोलनको तयारी हो भन्ने कुरा बताउनु भयो। नेपाल जनजागृति पार्टीको अध्यक्ष निषादले निषाद आयोग बनाउ पर्नेमा जोड दिनुभयो। आफ्ना नेता तथा कार्यकर्ताहरुलाई सरल भाषामा सम्झाउदै अरुको झोला बोक्नेदेखि सावधान हुन सचेत गराए। त्यसैगरी बहुजन एकता पार्टी नेपालको कार्यबाहक अध्यक्ष पासमानले दलित,मुस्लिम,पिछडावर्ग तथा निषाद वर्गको विकासमा बाधक तत्वहरुलाई जवाफ दिने बेला आएको बताउनु भयो। सबै जना संगठीत भई अगाडी बढन समेत आग्रह गर्नु भयो। रैलीमा प्रस्तुत सन्देशहरू मार्फत सबै नागरिकमा समावेशीता र एकताका लागि आह्वान गरिएको थियो। विशेषगरी– "सम्पूर्ण पिछडिएका वर्ग – मुस्लिम, निषाद, आदिवासी जनजाति, उत्पीडित वर्ग, जाति तथा समुदाय एकजुट होऔं" भनी नागरिकहरूलाई जागरूक बनाउने सन्देश दिइएको थियो। संघीय गणतान्त्रिक गठबन्धनद्वारा सञ्चालित यो जनजागरण अभियान मधेस प्रदेशका अन्य जिल्लाहरूमा पनि क्रमशः सञ्चालन गरिएको आयोजकले जानकारी गराएका थिए।

सो अवसरमा संघीय समाजवादी पार्टीको उपाध्यक्ष तथा मधेस प्रदेश पूर्व गृह, सञ्चार तथा कानुन मन्त्री विमला अंसारीले दलित, मुस्लिम र निसाद समाज राजनीतिक रूपमा एकजुट नभएसम्म पहिचान सहितको अधिकार प्राप्त नहुने बताइन्। त्यसैगरी सहभागी नेताहरूले संख्यात्मक रूपमा ठूलो भए पनि दलित, मुस्लिम र निसाद समुदायको देशका कुनै पनि निकायमा पर्याप्त पहुँच नदेखिएको उल्लेख गरेका थिए।

# मानव बेचबिखन, जबरजस्ती करणी र यौनजन्य क्रियाकलाप आरोपमा एक होटल सञ्चालक पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ भदौ**



धनुषा प्रहरीले मानव बेचबिखन, जबरजस्ती करणी र यौनजन्य क्रियाकलापमा संलग्न रहेको गम्भीर आरोपमा एक होटल सञ्चालकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जनकपुरधाम–२३ लादो बेलाका करिब ४५ वर्षीय अजिज राइन रहेका छन्। राइनले जनकपुरधाम–४ विद्यापति चोकमा मधेश प्रदेश गेष्ट हाउस सञ्चालन गर्दै आएका थिए। प्रहरीले उक्त होटललाई तत्काल सिलबन्दी गर्दै अनुसन्धान अघि बढाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) बरुणबहादुर सिंहका अनुसार उजुरी दर्ता भएपछि उनलाई नियन्त्रणमा लिइएको हो। सिंहले भने, "उनीविरुद्ध मानव बेचबिखन र यौनजन्य अपराधसँग सम्बन्धित गम्भीर प्रकृतिका उजुरी दर्ता भएका छन्। हाल अनुसन्धान प्रारम्भिक चरणमा छ। आवश्यक प्रमाण संकलनको काम भइरहेको छ।" प्रहरीका अनुसार राइनविरुद्ध पीडित परिवारका साथै मानव अधिकारकर्मीहरूले समेत उजुरी दिएका छन्। उजुरीकर्ताहरूले आर्थिक प्रलोभन देखाएर महिलाहरूलाई यौन क्रियाकलापमा संलग्न गराउने र जबरजस्ती करणी गर्ने जस्ता आरोप लगाएका छन्। यसैबीच, राष्ट्रिय मानव अधिकार आयोगमा समेत राइनविरुद्ध उजुरी पुगेको छ। आयोगले यस विषयलाई संवेदनशील मानेर प्रारम्भिक तथ्य–जाँच सुरु गरिसकेको छ। आयोगले प्रहरीसँग नजिकै समन्वय गर्दै पीडितको पहिचान र संरक्षणमा विशेष ध्यान दिइरहेको जनाएको छ। विद्यापति चोक वरिपरिका स्थानीयवासीले भने प्रहरीको कारवाहीलाई स्वागत गरेका छन्। उनीहरूले लामो समयदेखि होटलमा असामान्य गतिविधि हुँदै आएको भन्दै यसअघि नै प्रहरीलाई ध्यानाकर्षण गराएका थिए।

# पिपरामा बाबा गोविन्द गणिनाथको भव्य कलश शोभायात्रा निकालियो


**आरजे इर्शाद शेख**
**पिपरा, ७ भदौ**



महोत्तरी जिल्लाको पिपरा गाउँपालिका–३ स्थित गणिनाथ परिसरमा आयोजित श्री श्री श्री १०८ बाबा गोविन्द गणिनाथ पुजामहोत्सव समारोह अवसरमा भव्य सम्मान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ।

पुजामहोत्सवको उपलक्ष्यमा आयोजित कार्यक्रममा मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री तथा कार्यबाहक मुख्यमन्त्री सरोज कुमार यादव को विशेष उपस्थिति रहेको थियो। सो अवसरमा उनले बाबा गोविन्द गणिनाथ मन्दिरको व्यवस्थित निर्माणका लागि २५ लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। त्यस्तै, पिपरा नगरपालिकाका अध्यक्ष रामजानकी यादवको सक्रिय पहलमा यसअघि नै मन्दिर निर्माणका लागि २० लाख रुपैयाँको सहयोग प्रदान भइसकेको छ। गोविन्द पूजा समितिले दुवै जनप्रतिनिधिको योगदानप्रति सार्वजनिक धन्यवाद ज्ञापन गरेको छ। पुजामहोत्सव अन्तर्गत भदौ ६ गते शुक्रबार गणिनाथ परिसरमा सलामी कार्यक्रम सम्पन्न गरिएको थियो भने भदौ ७ गते शनिबार भव्य कलश यात्रा तथा गहवर पूजा सम्पन्न गरिएको थियो। कलश यात्रामा पालिकाका जनप्रतिनिधि, धार्मिक अगुवा, महिला समूह, युवा क्लब लगायत स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता रह्यो। कार्यक्रममा मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री तथा कार्यबाहक मुख्यमन्त्री सरोज कुमार यादव,नेकपा एमाले महोत्तरी जिल्ला सचिव शम्भु ठाकुर, एमाले नेता रामआधार कापर, पूजा समिति अध्यक्ष विजय साह, सचिव मनोज कुमार साह, भगत दिपेन्द्र साह, साथै पालिकाका जनप्रतिनिधि, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा सर्वसाधारणको उत्साहजनक उपस्थिति रहेको थियो। स्थानीयवासीहरूले यस किसिमका कार्यक्रमहरूले सामुदायिक एकता, धार्मिक चेतना तथा सांस्कृतिक समृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन्।



# निजामती सेवाको पुन:संरचना

-देशको प्रगति वा दुर्गतिका मुख्य जिम्मेवार राजनीतिक नेतृत्व नै हुन् तथापि राज्यकै सेवासुविधामा स्थायी सत्ताको बागडोर सम्हाल्ने कर्मचारीतन्त्र पनि उत्तिकै जिम्मेवार हुन्छन् । प्रतिनिधिसभाबाट निजामती सेवा विधेयक पारित भएको छ, जसमा कर्मचारीलाई सेवाबाट अवकासपछि दुई वर्ष कुनै संवैधानिक नियुक्ति नपाउने व्यवस्था गरिएको छ। तर, विधेयकमा 'बाहेक' शब्दले सहसचिव र सचिवलाई यस नियमबाट मुक्त बनाएको छ, जसले गर्दा भ्रष्टाचारको मुद्दा अझै पनि अनुत्तरित रहन्छ। निजामती सेवाको पुन:संरचना र भ्रष्टाचारको अन्त्यका लागि आवश्यक बहस र विमर्श हुन सकेको छैन, जसले सुशासनको नारालाई चुनौती दिएको छ । प्रतिनिधिसभाबाट निजामती सेवा विधेयक निकै रस्साकस्सीबीच पारित भयो । निजामती कर्मचारी वा अन्य सरकारी सेवामा राजीनामा दिएको वा सेवाबाट अवकास भएपछि कम्तीमा दुई वर्ष कुनै पनि संवैधानिक र सरकारी नियुक्ति नपाउने गरी राज्य व्यवस्था समितिमा सहमति गरिएको थियो ।

तर, दुई वर्षको 'कुलिङ अफ पिरियड' संसद्बाट पारित हुँदा विशिष्ट वा प्रथम श्रेणीबाट अवकास हुने कर्मचारीले संवैधानिक वा कूटनीतिक तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति 'बाहेक' को पदमा नियुक्ति लिन नपाइने व्यवस्थासहित विधेयक प्रतिनिधिसभाबाट पारित भयो । यो 'बाहेक' शब्दले सहसचिव र सचिवलाई संवैधानिक र कूटनीतिक वा अन्य सरकारी नियुक्तिका लागि 'कुलिङ अफ पिरियड' लागू नहुने भयो । त्यसैले संसद्लाई झुक्याएर गरिएको बदमासीका कारण राज्यव्यवस्था समितिका सभापति रामहरि खतिवडाले पदबाट राजीनामा दिनुपर्‍यो । यो विधेयकमाथि राष्ट्रिय सभामा छलफल भइरहेको छ । तर, संसदीय छलफलले निजामती कर्मचारीको पुन:संरचनाको सवाललाई बेवास्ता गरिएको छ । लोकतान्त्रिक देशमा निजामती कर्मचारीलाई स्थायी सरकारका रूपमा लिइन्छ । निर्वाचनबाट सरकारमा पुग्ने राजनीतिक नेतृत्व र पार्टी फेरबदल भइरहन्छ । फरक नेतृत्व वा पार्टी सरकारमा पुग्दा उनीहरूका प्राथमिकता, नीति र योजना फरक हुन सक्छन् । तर, कार्यपालिकाको मुख्य अंगका रूपमा रहेको कर्मचारीतन्त्रले नै स्थायी सत्ताको सञ्चालन गरिरहेको हुन्छ । त्यसैले कुनै समाज वा देशको उन्नति, विकास र प्रगति हुनु वा नहुनुमा राजनीतिक नेतृत्व मात्रै होइन, कर्मचारीतन्त्रको पनि निकै महत्त्वपूर्ण भूमिका हुने गर्दछ । राज्यको रूपान्तरणको मुख्य एजेन्ट कर्मचारी संयन्त्र हो, त्यसैले कर्मचारीतन्त्र कतिको जिम्मेवार, जवाफदेही, पारदर्शी र जनपक्षीय छन् भन्ने कुराले नै सामाजिक-आर्थिक रूपान्तरण वा प्रगतिलाई प्रभाव पार्छ ।

स्वाभाविक रूपमा देशको प्रगति वा दुर्गतिका मुख्य जिम्मेवार राजनीतिक नेतृत्व नै हुन् तथापि राज्यकै सेवासुविधामा स्थायी सत्ताको बागडोर सम्हाल्ने कर्मचारीतन्त्र पनि उत्तिकै जिम्मेवार हुन्छन् । सुशासनको नारा र कर्मचारीतन्त्रः सुशासन र समृद्धि सबैजसो राजनीतिक नेतृत्वको थेगो बनेको छ । यी विषयवस्तु सबैजसो नेताको भाषणको अनिवार्य विषयवस्तु बन्ने गरेका छन् । तर, व्यवहारमा नेपाली जनता कुशासन र भ्रष्टाचारको जालोमा फस्न बाध्य छन् । सन् २०२३ मा बेलायतको प्रोस्पेरेटी इन्स्टिच्युटले १६७ देशमा गरेको अध्ययनअनुसार समृद्धिको सूचीमा नेपाल ११० औं स्थानमा छ । अर्कोतिर, नेपालमा चरम भ्रष्टाचार हुँदै आएको छ । सन् २०२५ को ट्रान्सपरेन्सी इन्टनरनेसनलको भ्रष्टाचारसम्बन्धी सूचीमा १८० देशमध्ये नेपाल १०७ औं स्थानमा छ । यिनै तथ्यांकले पुष्टि गर्छन् कि



सुशासन र समृद्धिको नारा व्यवहारमा असफल भइसकेको छ ।

आर्थिक रूपमा नेपाल सरकार निकै ठूलो आन्तरिक र बाह्य ऋणमा डुबेको छ । वैदिशक ऋण मात्रै झन्डै १४ खर्ब छ जब कि नेपाल सरकारको आव. २०८२/८३ को वार्षिक बजेट १९ खर्ब ६४ अर्ब ११ करोड छ । अर्कोतिर, रेमिट्यान्स नेपालको अर्थतन्त्रको एउटा महत्त्वपूर्ण स्रोत हो । नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा करिब २६ प्रतिशत योगदान रेमिट्यान्सको छ । नेपालका लाखौं जनशक्ति विदेश गएर कठिन श्रम गरेर रेमिट्यान्स पठाइरहेका छन् । तर, तिनै रेमिट्यान्स, वैदेशिक ऋण र अनुदानको रकमबाट समेत अनियन्त्रित ठूला-ठूला भ्रष्टाचार भइरहेका छन् । मूलतः बिचौलिया, राजनीतिक नेतृत्व र प्रायःजसो निर्णायक भूमिकामा रहेका कर्मचारीकै मिलेमतोमा त्यस्ता भ्रष्टाचारका काण्ड हुने गरेका छन् । निजामती सेवा विधेयकमाथिको संसदीय बहसमा कर्मचारीतन्त्रभित्र मौलाइरहेको ठूला भ्रष्टाचार र यसको अन्त्यको सवालले प्राथमिकता पाउनुपर्थ्यो । यो विषयमा संसद्मा खासै बहस र चर्चा भइरहेको छैन । राज्यको कानुन, नीति र कार्यक्रमको जिम्मेवारीपूर्वक कार्यान्वयन गर्नु निजामती कर्मचारीको भूमिका हो । जनताको अधिकारको अभ्यासका लागि सहजीकरण गर्ने र उनीहरूका अपेक्षा र आवश्यकतालाई सम्बोधन गराउन राज्यलाई नीतिगत सहयोग गर्ने जिम्मेवारी पनि कर्मचारीतन्त्रको हो । स्वाभाविक रूपमा जिम्मेवार, जनउत्तरदायी र वास्तवमै सेवकको रूपमा क्रियाशील कर्मचारीतन्त्रबाट जनताले सेवा पनि पाइरहेका छन् । तर, कर्मचारीतन्त्रको आम प्रवृत्ति हेर्ने हो भने भनसुन, बिचौलियाको सहायता र आर्थिक लेनदेनबिना जनताले सहजै सेवा र सुविधाको उपभोग गर्न पाउँदैनन् । यसले राज्यको सुशासनको नाराको खिल्ली मात्रै उडाउँदैन, सरकारप्रति जनताको आक्रोश र अविश्वाससमेत बढाउँछ । नेपालमा विकासका आयोजना अत्याधिक भ्रष्टाचार हुने गरेका छन् । विकासका कार्यक्रम हेर्ने स्थानीय तहदेखि केन्द्रसम्मका सरकारी कार्यालयको गहिरो अध्ययन गर्ने हो भने अधिकांश कार्यालयमा भ्रष्टाचारको जालो फैलिएको सहजै देखिन्छ ।


साभार : कान्तिपुर ।


पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।




सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला







अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश








अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday